चन्द्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शान्तिपुर, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या : २०७९/०८०
चलानी नं. : ९५४

मिति २०७९/०५/१९

श्री सम्बन्धित विद्यालय तथा सरोकारवाला (सबै),
चन्द्रकोट गाउँपालिका, गुल्मी।

विषयः ५६ औं अन्तर्राष्ट्रिय साक्षरता दिवस मनाउने सम्बन्धमा।

प्रस्तुत विषयमा ५६ औं अन्तर्राष्ट्रिय साक्षरता दिवस, मिति २०७९ भाद्र २३ (Sept. 8, 2022) गतेका दिन **"साक्षरता सिकाइ क्षेत्रमा रुपान्तरण", "Transforming literacy learning space"** भन्ने नाराका साथ विभिन्न रचनात्मक तथा प्रतियोगितात्मक कार्यक्रम सञ्चालन गरी मनाउन शिक्षा तथा मानव स्रोत विकास केन्द्रको च.नं. ०५, मिति २०७९/०४/३१ गतेको पत्रबाट अनुरोध भई आएकोले यस गाउँपालिकामा दिवस मनाउने सन्दर्भमा तपसिल अनुसारको मिति, समय र स्थानमा देहाय अनुसारको कार्यक्रम सञ्चालन गरिने भएकोले सम्बन्धित विद्यालय तथा सरोकारवालाहरुमा उपस्थितिका लागि सादर अनुरोध छ।

**तपसिलः**

मितिः २०७९ भाद्र २३ गते बिहीबार

समयः दिनको ठिक ११:०० बजे

स्थानः गाउँपालिकाको बहुउद्देश्यीय सभाहल, शान्तिपुर।

**प्रतियोगिता तथा कार्यक्रमहरु:**

१. **गाउँपालिका स्तरीय अन्तर माध्यमिक तह (कक्षा ९-१२) वक्तृत्वकला प्रतियोगिताः**

**वक्तृत्वकलाको शिर्षकः "डिजिटल साक्षरता; आजको आवश्यकता"**

**वक्तृत्वकला प्रतियोगिताका नियमहरुः**

१. प्रतियोगितामा सहभागी विद्यार्थी माध्यमिक तह (कक्षा ९-१२) सम्मको हुनुपर्नेछ साथै एक विद्यालयबाट एक जना विद्यार्थी मात्र सहभागी हुन पाइनेछ।
२. प्रत्येक प्रतियोगी विद्यार्थीलाई ७ मिनेटको समय दिइनेछ । ६ मिनेटपछि जनाउ घण्टी बज्नेछ।
३. सहभागी विद्यार्थी अनिवार्य रुपमा विद्यालय पोसाकमा उपस्थित हुनुपर्नेछ।
४. प्रतियोगितामा विजयी प्रथम, द्बितीय. तृतीय तथा सान्त्वना स्थान हासिल गर्ने प्रतियोगीहरुलाई क्रमश नगद रु, ५००० , ४००० , ३००० , २००० साथै मायाको चिनो तथा प्रमाण पत्र प्रदान गरिनेछ।
५. प्रतियोगीहरुको देहायका क्षेत्रानुसार मूल्याङ्कन गरिनेछ ।

| सम्वोधन (५) | विषय प्रवेश (५) | विषयवस्तुको प्रस्तुतीकरण (१५) | मौलिकता (१५) | भाषा शैली र हाउभाउ (५) | निष्कर्ष र समय पालन (५) |
|---|---|---|---|---|---|
| | | | | | |

चन्द्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शान्तिपुर, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या : २०७९/०८०
चलानी नं. : ९३८

२. शैक्षिक सत्र २०७८ मा उच्चतम जिपिए (GPA) प्राप्त गर्न सफल विद्यार्थी पुरस्कृत तथा सम्मान कार्यक्रमः

| तह/परीक्षा | विद्यार्थीको नाम, थर | प्राप्त जिपिए | विद्यालय |
|---|---|---|---|
| आधारभूत तह (कक्षा ५) उत्तीर्ण परीक्षा | आविष्कार गौतम | ३.८ | उदय मा.वि., शान्तिपुर |
| | निशान्त अर्याल | ३.८ | ज्ञानोदय मा.वि., मजुवा |
| | अनुप थापा | ३.८ | चक्रेश्वर इं.बो. स्कुल, शान्तिपुर |
| आधारभूत तह (कक्षा ८) उत्तीर्ण परीक्षा | प्रिज्मा गौतम | ३.९१ | उदय मा.वि., शान्तिपुर |
| | प्रतिक न्यौपाने | ३.९१ | चक्रेश्वर इं.बो. स्कुल, शान्तिपुर |
| माध्यमिक शिक्षा परीक्षा (SEE) | विपिन भण्डारी | ३.९५ | ज्ञानोदय मा.वि., मजुवा |
| माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२) | बसन्ती विक | ३.६० | शारदा मा.वि., रुपाकोट |

३. अवकाश शिक्षक सम्मान कार्यक्रम

(विष्णु प्रसाद भुसाल)
प्रमुख प्रशासकीय अधिकृत
विष्णु प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत

पुनश्चः वक्तृत्वकला प्रतियोगितामा सहभागी हुने विद्यार्थीको नाम विद्यालयको सिफारिस पत्र सहित मिति २०७९ भाद्र २२ गते बुधवारभित्र शिक्षा, युवा तथा खेलकुद शाखामा दर्ता गराउनु पर्नेछ।